# एघारौं वार्षिक साधारण सभाको निर्णयहरुको विवरण (माइन्यूट)

आ.व.२०८१/८२

# विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

# विन नेपाल लघुवित्त वित्तीय संस्था लि.

## बनेपा-१३, काभ्रेपलाञ्चोक

## एघारौँ बार्षिक साधारणसभा

### निर्णय अभिलेख (माइन्यूट)

१. **बैधानिक सभा :**

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०८३/०१/१४ गते बसेको ६० औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावली बमोजिम विन नेपाल लघुवित्त वित्तीय संस्थाको एघारौं बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा.मदन गोपाल श्रेष्ठज्युको अध्यक्षतामा निम्न मिति,समय र स्थानमा बसी तपशिलमा उल्लेखित बिषयहरु उपर छलफल गरी निर्णयहरु पारित गरियो ।

२. **सभा भएको मिति, समय र स्थान :**

मिति : २०८३ जेठ ०५ गते मंगलबार, तदनुसार १९ मे, २०२६

समय : दिउँसो १२:३० बजे ।

स्थान : होटल मेलम्ची क्याफे इन, मेलम्ची-११, मेलम्ची, सिन्धुपाल्चोक ।

३. **सभाको सुचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा यस संस्थाको नियमावलीको नियम १८ बमोजिम शेयरधनीहरुको जानकारीको लागि सभा गर्नका लागी कम्तिमा एक्काइस दिन अगावै शेयरधनीहरुलाई निजहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषय उल्लेख गरी सुचना पठाउनु पर्ने र सो कुराको सुचना कम्तीमा दुई पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गर्नुपर्ने प्रावधान रहेको छ । उक्त व्यवस्था अनुरुप यस संस्थाले प्रथम पटक मिति २०८३ जेठ १५ गतेको नयाँ पत्रिका दैनिक र दोस्रो पटक मिति २०८३ जेठ २३ गतेको नयाँ पत्रिका दैनिक पत्रिकामा साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषय उल्लेख गरी सूचना प्रकाशन गरिएको थियो ।उक्त सुचना संस्थाको बेवसाईटमा पनि प्रकाशन गरिएको थियो ।

४. **छलफलका लागी प्रस्तावित बिषयहरु :**

**(क) सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. आर्थिक बर्ष २०८१/०८२ को बार्षिक लेखापरीक्षण प्रतिवेदन तथा सोको आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको लेखा विवरणहरु, निर्देशन अनुसारका अन्य अनुसुचीहरु माथी छलफल गरी पारित गर्ने ।

३. स्वतन्त्र सञ्चालकमा प्रतिनिधित्व गर्ने रिक्त सञ्चालक पदमा सञ्चालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गर्ने ।

४. लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आर्थिक बर्ष २०८२/०८३ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बाहालवाला लेखापरिक्षक श्री के.जे.एण्ड एसोशिएट्स , चार्टड एकाउन्टेन्ट्स पुन नियुक्तिका लागी योग्य हुनुहुन्छ ।)

(ख) **विशेष प्रस्ताव**

१. संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ६२.०३ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ३७.९७ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२. विन नेपाल लघुवित्त वित्तीय संस्था लि.लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. ले प्राप्ति(एक्विजिशन) गर्ने सम्बन्धि तपसिल बमोजिमका प्रस्तावहरु पारित गर्ने ।

क) विन नेपाल लघुवित्त वित्तीय संस्था लि.लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.ले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख) विन नेपाल लघुवित्त वित्तीय संस्था लि. लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. ले प्राप्ति(एक्विजिशन) प्रयोजनको लागि मूल्यांकनकर्ताबाट प्राप्त चल-अचल सम्पत्ति तथा दायित्वको मूल्यांकन गरी प्राप्त प्रतिवेदन (Due Deligence Audit-DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) तथा दुवै संस्थाको संचालक समितिको आपसी समझदारीको आधारमा संयुक्त प्राप्ति समितिबाट स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर कित्ता (१:१) कायम हुने गरि गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) लाई अनुमोदन गर्ने ।

ग) विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई स्वरोजगार लघुवित्त वित्तीय सस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सम्पन्न प्रारम्भिक समझदारीपत्र तथा अन्तिम सम्झौता अनुमोदन गर्ने ।

घ) विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता श्री S.B.K.C. and Associates, Chartered Accountants, ललितपुरको नियुक्ति तथा पारिश्रमिक र प्राप्ति संम्बन्धि कार्यमा भए गरेका खर्चहरु अनुमोदन गर्ने ।

३. वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा गरिएको संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध**

५. **सभाको सञ्चालन :**
सभाको सञ्चालन संस्थाको मानव संशाधन तथा सामान्य सेवा विभाग प्रमुख श्री राजकुमार घिमिरेले गर्नु भएको थियो ।

६. **उपस्थिति :** एघारौं बार्षिक साधारण सभामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

क) सञ्चालकहरुको उपस्थिति

| क.स. | उपस्थित सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १. | डा.मदन गोपाल श्रेष्ठ | अध्यक्ष | संस्थापक समुह |
| २. | श्री कुमार राज जोशी | सञ्चालक | संस्थापक समुह |
| ३. | श्री सुकुमान डंगोल | सञ्चालक | संस्थापक समुह |
| ४. | श्री रमादेवि श्रेष्ठ | सञ्चालक | संस्थापक समुह |
| ५. | श्री एञ्जिला न्यौपाने | सञ्चालक | सर्वसाधारण समुह |
| ६. | श्री राजु के.सी. | सञ्चालक | सर्वसाधारण समुह |

ख) अन्य पदाधिकारीहरुको उपस्थिति

१. श्री उदयश्वर श्रेष्ठ पुर्व सञ्चालक
२. श्री ढालनाथ ढकाल पुर्व सञ्चालक
३. श्री रेणु स्थापित पुर्व सञ्चालक
४. श्री निमेश मान कायस्थ प्रतिनिधि-एनएमबि क्यापिटल

ग) **संस्थाका पदाधिकारीहरुको उपस्थिति** : प्रमुख कार्यकारी अधिकृत श्री दिपेन्द्र खतिवडा तथा कम्पनि सचिव श्री विरेन्द्र भक्त प्रधानाङ्ग सहित अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

७. **गणपुरक संख्या :**

| विवरण | कुल विक्री भएको शेयर कित्ता संख्या | कुल शेयरधनी संख्या | उपस्थिति | | | | कुल प्रतिनिधित्व कित्ता संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्वंयम (शेयर कित्ता संख्या) | स्वंयम (शेयर धनी संख्या) | प्रतिनिधि मार्फत उपस्थित शेयर कित्ता संख्या | प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या | | |
| संस्थापक | ५,९०,३८४ | २२० | १,६०,५१७ | ५२ | २,७६,८६९ | ४४ | ४,३७,३८६ | ५१.८९ |
| सर्वसाधारण | २,५३,०२१ | ११,८५५ | २३५ | ६ | | | २३५ | |
| जम्मा | ८,४३,४०५ | १२,०७५ | १,६०,७५२ | ५८ | २,७६,८६९ | ४४ | ४,३७,६२१ | |

८. **सभाको बैधानिकता तथा अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा यस संस्थाको नियमावलीको नियम १८ बमोजिम शेयरधनीहरुको जानकारीको लागि सभा गर्नका लागी कम्तिमा एक्काइस दिन अगावै शेयरधनीहरुलाई निजहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सभा हुने मिति, समय,स्थान र छलफल गर्ने बिषय उल्लेख गरी सुचना पठाउनु पर्ने र सो कुराको सुचना कस्तीमा दुई पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गर्नुपर्ने प्रावधान रहेको छ । उक्त व्यवस्था अनुरुप यस संस्थाले प्रथम पटक मिति २०८३ जेठ १५ गतेको नयाँ पत्रिका दैनिक र दोस्रो पटक मिति २०८३ जेठ २३ गतेको नयाँ पत्रिका दैनिक पत्रिकामा साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषय उल्लेख गरी सूचना प्रकाशन गरिएको थियो । उक्त सुचना संस्थाको बेवसाईटमा पनि प्रकाशन गरिएको थियो ।

त्यस्तै, संस्थाको गणपुरक संख्या सम्बन्धमा कम्पनी ऐनको दफा ७३ (२) अनुसार कम्पनीको नियमावलीमा गणपुरक संख्याको लागी बढी संख्या तोकिएकोमा बाहेक पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु उपस्थिती हुनुपर्ने व्यवस्था रहेको छ । यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २३ मा "बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुनेगरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधित्वद्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुने छैन ।" भन्ने व्यवस्था रहेको छ उक्त व्यवस्था अनुरुपनै कम्पनीको यस बार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको उपस्थिति पुस्तिका अनुसार बाँडफाँड भएको कुल शेयर संख्या ८,४३,४०५ कित्ताको ५१.८९ प्रतिशत प्रतिनिधित्व हुनेगरी ११६ जना शेयरधनीहरु स्वयम् उपस्थिती भएको पाईएको हुँदा गणपुरक संख्या पुगेको र कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभा रीतपुर्वक बोलाईएकाले यो सभा बैधानिक रहेको ब्यहोरा कम्पनी सचिवले जानकारी गराउनुभयो ।

यस पश्चात कम्पनि सचिवले कम्पनी ऐन को दफा ७४ (१) बमोजिम साधारण सभाको अध्यक्षता गर्न सञ्चालक समितिका अध्यक्षलाई अनुरोध गर्नु भए बमोजिम सञ्चालक समितिका अध्यक्ष डा.मदन गोपाल श्रेष्ठले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

**९. स्वागत मन्तव्य :**

यस वित्तीय संस्थाका सञ्चालक श्री सुकुमान डंगोलले सभामा उपस्थित सबै शेयरधनीहरु,अतिथि तथा अन्य महानुभावहरुलाई लघुवित्तको हालको अवस्थाका बारेमा प्रकाश पार्दै स्वागत गर्नुभयो ।

यस पश्चात संस्थाका प्रमुख कार्यकारी अधिकृतले यस संस्थाको २०८२ चैत्र मसान्तसम्मको लक्ष्य र प्रगतिको अवस्था लगाएत हाल संस्थामा तथा लघुवित्त क्षेत्रमा रहेका चुनौतिहरु र यस वित्तीय संस्था स्वरोजगार लघुवित्त वित्तीय संस्थासँग प्राप्ति(एक्विजिसन)मा जानुकौ औचित्य,आवश्यकता र अवसरहरुको बारेमा छोटो बिश्लेषण सहित आफ्नो मन्तव्य राख्नुभई कार्यक्रममा अतिथिका रुपमा उपस्थित हुनुभएका पुर्व सञ्चालक श्री उदयश्वर श्रेष्ठ ,श्री राधाकृष्ण श्रेष्ठ तथा यस संस्थाका सञ्चालक तथा संयुक्त प्राप्ति समितिका सदस्य श्री एन्जिला न्यौपाने ले समेत शुभकामना मन्तव्य राख्नुभएको थियो ।

यस पश्चात साधारण सभाको काम कारवाही अगाढी बढाउन कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नुभयो र अध्यक्षज्युले सभाको काम कारबाही अगाढी बढाउनु भयो ।

**१०. बार्षिक प्रतिवेदन तथा अन्य प्रतिवेदन प्रस्तुती :**

बार्षिक साधारण सभाका अध्यक्ष डा.मदन गोपाल श्रेष्ठले उपस्थित शेयरधनी एवम् अन्य महानुभावहरुलाई स्वागत गर्दै आ.ब.२०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन तथा यस संस्थालाई स्वरोजगार लघुवित्त वित्तीय संस्था ले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धिको सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भई शेयरधनी महानुभावहरुको अमुल्य राय, सुझाव सहित छलफलका लागि आग्रह गर्नु भएको थियो ।

**११. साधारण सभामा शेयरधनीहरुको प्रतिक्रिया तथा सुझावहरु :**

एघारौं बार्षिक प्रतिवेदन तथा यस संस्थालाई स्वरोजगार लघुवित्त वित्तीय संस्था ले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धिको सञ्चालक समितिको प्रतिवेदन माथिको छलफलमा साधारण सभामा उपस्थित हुँदै

शेयरधनीहरु श्री बैजुनाथ रौनियार, श्री सुदिप श्रेष्ठ, श्री ईन्द्र प्रसाद लामिछाने, श्री कुञ्ज जोशी तथा श्री निरुपमा गुप्ताले निम्न प्रतिक्रिया, सुझाव तथा जिज्ञासाहरु राख्नुभएको थियो ।

१. श्री बैजुनाथ रौनियार

- वर्तमान परिपेक्षमा राम्रो संस्था सँग मर्जर (प्राप्ति) प्रक्रियामा जानु स्वागतयोग्य कार्य गरेकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

२. सुदिप श्रेष्ठ

- हालको वित्तीय क्षेत्रमा देखिएका समस्याहरु तथा थपिएका चुनौतिहरुलाई मध्येनजर गर्दै संस्था मर्जर (प्राप्ति) प्रक्रियामा जानु स्वागतयोग्य कार्य रहेको तथा उक्त मर्जर(प्राप्ति) प्रक्रियामा कर्मचारी समायोजनको विषयमा प्रष्ट पारिदिनका लागि सञ्चालक समितिमा अनुरोध गर्नुभयो ।

३. श्री इन्द्र प्रसाद लामिछाने

- मर्जर पश्चात लघुवित्त संस्थाहरुमा विभिन्न समस्याहरु उत्पन्न भएको पाईएकाले भविष्यमा कुनैपनि समस्या उत्पन्न नहोस,शेयरधनी,कर्मचारीमा कुनै विभेद नहोस,मर्जर पश्चात पनि यस संस्थाले कर्जा असुली प्रक्रियामा आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने सुझाव व्यक्त गर्नु भयो ।

४. श्री कुञ्ज जोशी

- संस्था मर्जर वा प्राप्तिमा जानका लागी सञ्चालक समितिले हतारमा निर्णय गरेको ,आफ्नो कुनैपनि अस्तित्व नरहने गरी किन प्राप्ति प्रक्रियामा गएको हो ? मर्जरमा जाँदै गर्दा को Terms and condition के के छ ? सञ्चालक, प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारीहरुको समायोजन र हैसियत कस्तो छ सो सम्बन्धमा यस सभामा प्रष्ट पारिदिनका लागी अनुरोध गर्नु भयो ।

५. श्री निरुपमा गुप्ता

- मर्जर कार्य पश्चात साना लगानीकर्ताहरुको हित कसरी सुरक्षित हुन्छ ? मर्जर पश्चात ग्रामिण ग्राहकहरुले कसरी लाभ पाउन सक्दछन ? खराब कर्जा घटाउने रणनिति के छ ? संस्थाको नाम र अस्तित्व नहुने गरी मर्जर किन गर्नुभएको ? भन्ने जिज्ञासा राख्नुहुँदै हालको समयमा कर्जा विस्तार भन्दा असुली गर्ने कार्यमा बढी जोड दिनुपर्ने, संस्था मर्जर पश्चात शाखा कार्यालयहरुको समेत मर्ज गरी लागत कमी गर्न तर्फ लाग्नुपर्ने, महिलाहरुमा कर्जाको ऋणको भार घटाउनु पर्ने र खर्चमा मितव्ययिता अपनाउनुपर्ने सुझाव प्रदान गर्नु भएको थियो ।

**१२. शेयरधनीहरुले प्रकट गर्नु भएको प्रतिक्रिया तथा सुझावहरुको जवाफ :**

यस साधारण सभामा आफ्ना भनाईहरु सहित जिज्ञासा र सुझाव राख्नुभएकोमा शेयरधनीहरु श्री बैजुनाथ रौनियार,श्री सुदिप श्रेष्ठ,श्री ईन्द्र प्रसाद लामिछाने,श्री कुञ्ज जोशी,श्री निरुपमा गुप्ता लाई यस सभाका अध्यक्ष डा.मदन गोपाल श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभई अहिलेको परिस्थितिमा यस संस्था स्वरोजगार लघुवित्त वित्तीय संस्थासँग जानुको औचित्य ,आवश्यकता र अवसरका बारेमा पुनः सभामा प्रष्ट पार्नुभई माथि दिनुभएका सबै सुझावहरुलाई ध्यानमा राखी समस्त ग्राहक,शेयरधनीहरु,कर्मचारीहरुमा कुनै विभेद सिर्जना हुन नदिई एकदमै उत्साहका साथ कार्य गर्नेमा सबैलाई विश्वस्त पार्नु भयो ।

यस पश्चात साधारण सभामा अध्यक्षज्यु को अनुमतीमा कम्पनि सचिवले छलफल तथा निर्णयका लागी प्रस्तावहरु सभामा पेश गर्नु भएको थियो ।

१३. **सभाको निर्णयहरु**

(क) **सामान्य प्रस्ताव सम्बन्धि निर्णयहरु**

**प्रस्ताव नं.१** : सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

**निर्णय** : एघारौं साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन अनुमोदनका लागी साधारण सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रतिवेदन सर्वसम्मतीबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२** : आर्थिक बर्ष २०८१/०८२ को बार्षिक लेखापरीक्षण प्रतिवेदन तथा सोको आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण) सहितको लेखा विवरणहरु, निर्देशन अनुसारका अन्य अनुसुचीहरु माथी छलफल गरी पारित गर्ने ।

**निर्णय** : आर्थिक बर्ष २०८१/०८२ को बार्षिक लेखापरीक्षण प्रतिवेदन तथा सोको आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण) सहितको लेखा विवरणहरु, निर्देशन अनुसारका अन्य अनुसुचीहरु पारित गरियोस भनी साधारण सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा उल्लेखित प्रतिवेदन सहित विवरण र अनुसुचीहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३** : स्वतन्त्र सञ्चालकमा प्रतिनिधित्व गर्ने रिक्त सञ्चालक पदमा सञ्चालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गर्ने ।

**निर्णय** : स्वतन्त्र सञ्चालकको रुपमा रहनुभएका श्री पवन राज मास्के को पदावधि मिति २०८१/०८/१३ गते देखि लागु हुने गरी सभाप्त भएकोले हाल उक्त पदमा मिति २०८१/१२/२० देखि लागु हुने गरी सञ्चालक समितिले निर्णय गरी श्री सावित्रा आचार्य नियुक्त हुनुभएकोले उक्त नियुक्तिलाई अनुमोदनका लागी साधारण सभा समक्ष पेश गर्नुभएकोमा सो नियुक्ति सर्वसम्मतीबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४** : लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आर्थिक बर्ष २०८२/०८३ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ को परिच्छेद ९ मा रहेको दफा ६१ को उपदफा (ङ) अनुसार लेखापरीक्षण समितिले बाह्य लेखापरीक्षक नियुक्तिको लागि तिन जना लेखापरीक्षक सिफारिस गर्ने व्यवस्था भए बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०८२/०८३ को बाह्य लेखापरीक्षण कार्य गर्नका लागि विभिन्न योग्य फर्म/कम्पनीहरु कोटेसन माग गरिएको र माग गरिए बमोजिम सो कार्य गर्नका लागी मिति २०८३/०१/२२ को ५७ औं लेखापरिक्षण समितिको बैठकबाट भएको निर्णय बमोजिम योग्य कुनै एक फर्म वा कम्पनिलाई नियुक्ति गर्नका लागी निर्णयार्थ सभामा पेश गरिन्छ ।

तपशिल

| क्र.सं. | लेखापरीक्षण फर्म/कम्पनीको नाम ठेगाना | प्रस्तावित दर/रेट | अन्य खर्च |
|---|---|---|---|
| 1. | J.Bhandary & Associates.<br>Lalitpur, Nepal | NRs. 2,00,000/-<br>(Exclusive Of VAT) | Daily Allowance & Traveling Expenses on Actual Basis. |
| 2. | B.Lama Associates.<br>Kathmandu, Nepal | NRs. 2,25,000/-<br>(Exclusive Of VAT) | Daily Allowance & Traveling Expenses on Actual Basis. |
| 3. | K.J.& Associates<br>Lalitpur, Nepal | NRs. 1,50,000/-<br>(Exclusive Of VAT) | **Daily Allowance:**<br>for CA Nrs. 2500<br>For Non–CA Nrs.2000<br>**Traveling Expenses:**<br>On Actual Basis |

**निर्णय** : लेखा परिक्षण समितिबाट भएको सिफारिस बमोजिम बिश्लेषण गरी श्री K.J.& Associates Lalitpur, Nepal लाई पारिश्रमिक रु.१,५०,०००/-(मुल्य अभिबृद्धि कर बाहेक) र अन्य खर्च प्रस्तावमा उल्लेख भए बमोजिम नै हुनेगरी आर्थिक बर्ष २०८२/८३ को लेखापरिक्षमा नियुक्त गर्ने निर्णय सर्वसम्मती बाट पारित गरियो ।

### (ख) विशेष प्रस्ताव सम्बन्धि निर्णयहरु

**प्रस्ताव नं.१ :** संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ६२.०३ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ३७.९७ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन गर्नका लागी तपशिल बमोजिम तिन महले विवरण सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**प्रबन्ध पत्रको दफा ६(ङ) र ६(च) संशोधन गर्ने तिनमहले विवरण**

| दफा | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारणहरु |
|---|---|---|---|
| दफा ६(ङ) | संस्थापक शेयरधनीहरु लाई समुह **"क"** मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ । | संस्थापक शेयरधनीहरुलाई समुह **"क"** मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व **६२.०३** प्रतिशत हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ११ को उपदफा ४ र प्रचलित ऐन कानुन र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन र शर्तहरुको अधिनमा रही साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड तर्फका संस्थापक शेयरधनीहरुको नाममा कायम रहेको संस्थापक शेयरको १० प्रतिशत तथा एकिकृत संस्थाको कूल चुक्ता पूँजीको ७.९७ प्रतिशतले हुने संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएकोले । |
| दफा ६(च) | सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीहरुलाई समूह **"ख"** मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । | सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीहरुलाई समूह **"ख"** मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व **३७.९७** प्रतिशत हुनेछ । | |

**निर्णय :** संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ६२.०३ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ३७.९७ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन गर्नका लागी तिन महले विवरण पारित गर्न साधारण सभामा पेश गर्नुभएकोमा उक्त तिन महले विवरण सर्वसम्मतीबाट पारित, गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ :** विन नेपाल लघुवित्त वित्तीय संस्था लि.लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. ले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धि तपसिल बमोजिमका प्रस्तावहरु पारित गर्ने ।

**प्रस्ताव नं.२ (क) :** विन नेपाल लघुवित्त वित्तीय संस्था लि.लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.ले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णय :** विन नेपाल लघुवित्त वित्तीय संस्था लि.लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.ले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको प्रतिवेदन छलफल गरी सर्वसम्मतीले उक्त प्रतिवेदन सहित प्राप्तिमा जाने निर्णय पारित गरियो ।

**प्रस्ताव नं.२ (ख) :** विन नेपाल लघुवित्त वित्तीय संस्था लि. लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. ले प्राप्ति(एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्यांकनकर्ताबाट प्राप्त चल-अचल सम्पत्ति तथा दायित्वको मूल्यांकन गरी प्राप्त प्रतिवेदन (Due Deligence Audit-DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) तथा दुवै संस्थाको संचालक समितिको आपसी समझदारीको आधारमा संयुक्त प्राप्ति समितिबाट स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर कित्ता (१:१) कायम हुने गरि गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) लाई अनुमोदन गर्ने ।

**निर्णय :** विन नेपाल लघुवित्त वित्तीय संस्था लि. लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. ले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्यांकनकर्ताबाट प्राप्त चल-अचल सम्पत्ति तथा दायित्वको मूल्यांकन गरी प्राप्त प्रतिवेदन (Due Deligence Audit-DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) तथा दुवै संस्थाको संचालक समितिको आपसी समझदारीको आधारमा संयुक्त प्राप्ति समितिबाट स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर कित्ता (१:१) कायम हुने गरि गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) लाई अनुमोदन गर्नका लागी साधारण सभामा पेश गर्नुभएको प्रस्ताव स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर कित्ता (१:१) कायम हुने गरि गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio)सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ (ग) :** विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई स्वरोजगार लघुवित्त वित्तीय सस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सम्पन्न प्रारम्भिक समझदारीपत्र तथा अन्तिम सम्झौता अनुमोदन गर्ने ।

उक्त प्रारम्भिक समझदारीपत्र तथा अन्तिम सम्झौतामा उल्लेख भएका बुँदाहरु साधारण सभामा अनुमोदनका लागी सभामा सबैलाई जानकारी गरी अनुमोदनका लागी पेश गरिएको ।

**उक्त सम्झौतापत्रमा उल्लेखित मुख्य बुंदाहरु देहाय वमोजिम रहेको छ ।**

- स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पछि वित्तीय संस्थाको नाम "स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड" कायम रहने साथै "घ" वर्गको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा कार्य गर्ने ।
- प्राप्ति पश्चात वित्तीय संस्थाको केन्द्रीय कार्यालय नागार्जुन नगरपालिका वडा नं.४, काठमाडौंमा प्रस्ताव गरिएको छ ।
- प्राप्ति (एक्विजिशन) पश्चात लघुवित्त वित्तीय संस्थाको दर्ता नम्बर, दर्ता मिति, नेपाल राष्ट्र बैंकको ईजाजतपत्र नम्बर र ईजाजत मिति, वित्तीय संस्थाको लोगो र स्लोगन स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको रहनेछ । साथै स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको कम्पनी दर्ता नं. ११५७/०६६/६७, दर्ता मिति २०६६/०४/०८, ने.रा. बैंकबाट प्राप्त ईजाजतपत्र नं ने.रा.बैंक/ई.प्रा/घ/१६/०६६/६७ र मिति २०६६/०८/२३ गते कायम रहने सहमति गरिएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात कायम हुने वित्तीय संस्थाको स्थायी लेखा नं. (पान) हाल सञ्चालनमा रहेको स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा, काभ्रेपलाञ्चोकको स्थायी लेखा नं. ३०३८६३२८९ कायम रहनेछ । हाल सञ्चालनमा रहेको विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको कम्पनी दर्ता नं. ११७४४६/०७०/७१, दर्ता मिति २०७०/०८/१६, ने.रा. बैंकबाट प्राप्त ईजाजतपत्र नं ने.रा.बैंक/ई.प्रा /घ/०३८/०७१/०७२ र दर्ता मिति २०७१/०८/०२ लगायत स्थायी लेखा नं .(पान) ६०१६२१९८९ लाई नियमानुसार खारेज गर्ने सहमति भएको ।
- प्राप्ति कार्य सम्पन्न भई संयुक्त कारोवार शुरु भए पश्चात स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडमा हाल कायम रहेको संचालक समिति नै बाँकी कार्यकाल सम्म कायम रहने सहमति गरिएको ।
- विन नेपाल लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई प्राप्ति पश्चात स्वरोजगार लघुवित्त वित्तीय संस्थामा विन नेपाल लघुवित्त वित्तीय संस्थामा कार्यरत रहदा कायम तलब तथा भत्ता नघट्ने गरि सहायक महाप्रबन्धक पदमा स्थायी नियुक्ति दिईने र अन्य कर्मचारीहरुलाई कायम तलब, भत्ता नघट्ने गरि सोही पदमा आवश्यक दरबन्दी श्रृजना गरी स्थायी कर्मचारीलाई स्थायी र करार कर्मचारीलाई करारमा नियुक्ति दिईने सहमति गरिएको । साथै, विन नेपाल लघुवित्त वित्तीय संस्थाबाट भुक्तानी प्राप्त गर्नुपर्ने सम्पूर्ण रकमहरु एकिकृत कारोबार अगावै भुक्तानी लिनुपर्ने सहमति गरिएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात प्राप्त गर्ने संस्था (एक्वायरर) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कार्यान्वयनमा रहेको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली लगायत अन्य सम्पूर्ण आन्तरिक कार्यविधि निर्देशिका आदिलाई नै लागू गरिने गरि सहमति भएको ।

अन्य सहमतिका बुँदाहरु अन्तिम सम्झौतापत्र मा उल्लेख भए बमोजिम हुने गरि सहमति भएको ।

**निर्णय :** विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति(एक्विजिशन) गर्ने सम्बन्धि सञ्चालक समितिको निर्णयलाई सर्वसम्मतिमा सभाबाट अनुमोदन गरीयो ।साथै उक्त प्राप्ति(एक्विजिशन) प्रक्रियाको लागि सम्पन्न प्रारम्भिक समझदारीपत्र, अन्तिम सम्झौता तथा

संचालक समिति र संयुक्त प्राप्ति समितिले प्राप्ति सम्बन्धमा गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्नका लागी साधारण सभामा पेश गर्नुभएको प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो । साथै प्रचलित कानुन बमोजिम प्राप्ति कार्य पश्चात यस संस्थाको लगत कट्टा गरी संस्थाको कम्पनी दर्ता नं. ११७४४६/०७०/७१, दर्ता मिति २०७०/०८/१६, ने.रा. बैंकबाट प्राप्त ईजाजतपत्र नं ने.रा.बैंक/ई.प्रा/घ/०३८/०७१/०७२, दर्ता मिति २०७१/०८/०२ लगायत स्थायी लेखा नं.(पान) ६०१६२१९८९ , हाल कार्यान्वयनमा रहेको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली लगायत अन्य सम्पूर्ण आन्तरिक कार्यविधि निर्देशिका आदिलाई नियमानुसार खारेज गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं.२ (घ)** : विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता श्री S.B.K.C. and Associates, Chartered Accountants, ललितपुरको नियुक्ति तथा पारिश्रमिक र प्राप्ति संम्बन्धि कार्यमा भए गरेका खर्चहरु अनुमोदन गर्ने ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता श्री S.B.K.C. and Associates, Chartered Accountants, ललितपुरको नियुक्ति तथा पारिश्रमिक र प्राप्ति संम्बन्धि कार्यमा भए गरेका तपशिल बमोजिमका खर्चहरु अनुमोदन गर्न तथा उक्त कार्य सम्पन्न गर्नका लागी रु.१२,५०,०००। अनुमानित खर्च हुने लक्ष्य राखिएको र उक्त कार्य गर्नका लागी दुवै संस्थाले बराबर अर्थात रु.६,२५,०००/रु.६,२५,००० गरी सिन्धु विकास बैंक,बनेपा शाखा कार्यालयमा संयुक्त प्राप्ति समितिको नाममा खाता खोली एकमुष्ट रकम जम्मा गरिएको छ ।हाल सम्म तपशिल बमोजिमको रु.३,६३,१३२/- खर्च भईसकेको हुँदा सो खर्च अनुमोदन गरी प्राप्ति कार्यमा आगामी दिनमा लाग्ने खर्च गर्नका लागी सञ्चालक समितिलाई अख्तियारी प्रदान गरीयोस भनी प्रस्ताव पेश गरिएको ।

**तपशिल :**

| क्र.सं. | खर्चको शिर्षक | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | Due Diligence Audit (DDA) मुल्यांकनकर्ता शुल्क | २५०,०००.०० | मूल्य अभिवृद्धि कर सहित |
| २. | बैठक भत्ता खर्च (३ पटक) | ९१,५००.०० | |
| ३. | बैठक संचालन खर्च (३ पटक) | १६,५३२.०० | |
| ४. | इन्धन खर्च | ५,१००.०० | |
| | **कुल खर्च** | ३६३,१३२.०० | |
| | **अक्षरेपी : तिन लाख त्रिसट्ठी हजार एक सय बत्तिस रुपैया मात्र** | | |

**निर्णय** : विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति(एक्विजिशन) गर्ने प्रयोजनका लागि गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता श्री S.B.K.C. and Associates, Chartered Accountants, ललितपुरको नियुक्ति तथा पारिश्रमिक र प्राप्ति संम्बन्धि कार्यमा भए गरेका खर्चहरु अनुमोदन गर्न तथा उक्त कार्य सम्पन्न गर्नका लागी रु. १२,५०,०००।- अनुमानित खर्च हुने लक्ष्य राखिएको र उक्त कार्य गर्नका लागी दुवै संस्थाले



विन नेपाल लघुवित्त वित्तीय संस्था लि. Wean Nepal Laghubitta Bittiya Sanstha Ltd. २०७०

बराबर अर्थात ६,२५,०००/६,२५,००० गरी सिन्धु विकास बैंक, बनेपा शाखा कार्यालयमा संयुक्त प्राप्ति समितिको नाममा खाता खोली एकमुष्ट रकम जम्मा गरिएको छ । हाल सम्म तपशिल बमोजिमको रु.३,६३,१३२/- खर्च भईसकेको हुँदा सोको समेत अनुमोदन गरी प्राप्ति कार्यमा आगामी दिनमा लाग्ने खर्च गर्नका लागी सञ्चालक समितिलाई अख्तियारी प्रदान गरीयोस भनी प्रस्ताव पेश गर्नुभएकोमा सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता श्री S.B.K.C. and Associates, Chartered Accountants, ललितपुरको नियुक्ति, निजको पारिश्रमिक तथा हालसम्म भएको खर्च रु.३,६३,१३२/- सर्वसम्मतीबाट अनुमोदन गर्ने र प्राप्ति कार्य सम्पन्न हुँदा सम्म लाग्ने सम्पुर्ण खर्चहरु मितव्ययी हिसाबले गर्ने गरी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३ :** वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा गरिएको संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय :** वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा गरिएको संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गरियोस भन्ने प्रस्ताव पेश गर्नुभएकोमा सोको अख्तियारी सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाइ प्रदान गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

**(ग) विविध प्रस्ताव सम्बन्धि निर्णयहरु**

विविध विषयमा छलफल गर्नका लागी कुनै प्रस्तावहरु नआएकाले यस सम्बन्धि कुनै निर्णय नभएको ।

**१४. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन**

छलफल तथा निर्णयको क्रम समापन भए पश्चात यस सभाका अध्यक्ष डा.मदन गोपाल श्रेष्ठले शेयरधनीहरुलाई साधारण सभामा छलफलका लागी पेश गरिएका सबै प्रस्तावहरु पारित गर्न सहयोग गरी एघारौं बार्षिक साधारण सभा सफलतापुर्वक सञ्चालन एवम् सम्पन्न गर्न योगदान गर्नुभएकोमा तथा अन्य उपस्थित महानुभावहरुमा समेत धन्यवाद ज्ञापन गर्नुभई सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(.............................)
बिरेन्द्र भक्त प्रधानाङ्ग
**कम्पनी सचिव**

(.............................)
डा.मदन गोपाल श्रेष्ठ
**अध्यक्ष**

**मिति : २०८३ जेठ ५ गते मंगलबार ।**

# विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

## प्रबन्धपत्रको दफा ६(ङ) र ६(च) संशोधन गर्ने तिनमहले विवरण

| दफा | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारणहरु |
|---|---|---|---|
| दफा ६(ङ) | संस्थापक शेयरधनीहरु लाई समुह **"क"** मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ । | संस्थापक शेयरधनीहरुलाई समुह **"क"** मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ६२.०३ प्रतिशत हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ११ को उपदफा ४ र प्रचलित ऐन कानुन र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन र शर्तहरुको अधिनमा रही साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड तर्फका संस्थापक शेयरधनीहरुको नाममा कायम रहेको संस्थापक शेयरको १० प्रतिशत तथा एकिकृत संस्थाको कूल चुक्ता पूँजीको ७.९७ प्रतिशतले हुने संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएकोले । |
| दफा ६(च) | सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीहरुलाई समूह **"ख"** मा वर्गिकरण गञरिएको छ । यो समूहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । | सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीहरुलाई समूह **"ख"** मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३७.९७ प्रतिशत हुनेछ । | |